# मुगूमा खाद्यको चामल:
# हात्ती आयो, हात्ती आयो, फुस्सा !

■ नेत्र शाही*

युद्धको समयमा विभिन्न कारणले जिल्लामा प्रहरीका लागि खाद्यान्न पुऱ्याउन ढिलासुस्ती हुने र ठेकेदारले समयमा ढुवानी गर्न नसक्ने भएकाले मुगाली जनताको भोकमरीको नाममा अनुदान दिएको चामल पुलिस र प्रशासनलाई दिने भनी २०५८ सालमा मन्त्रिपरिषद्ले निर्णय गरेको थियो। नेपालमा दश वर्षे जनयुद्ध समाप्त भई शान्ति वार्ता र त्यसपछि अन्तरिम संसद् र सरकारको गठन भइसकेको छ। विगतका शाही शासनकालमा भएका कतिपय निर्णय खारेज भए तर कर्णालीका अन्य समस्या एवं समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता एवं भौगोलिक आधारमा प्रतिनिधत्व जस्ता अधिकारका लागि आवाज उठाउन त परै जाओस् निर्णय नै फेरिएन। हालसम्म पनि अनुदान चामल पुलिस प्रशासनलाई दिनु भनी नेपाल खाद्य संस्थानलाई चिठी पठाइरहँदा कर्णालीवासीलाई नेपालमा लोकतन्त्र आएको कसरी महसुस हुनसक्छ ?

कर्णालीका नेतृत्व वर्ग कर्णालीवासीका अधिकारको आवाज उठाउनु त कता हो कता विगतमा द्वन्द्वको कारण देखाई लादिएका निर्णयलाई जनताको पक्षमा खारेज गराउन नलाग्नुले नेतृत्व वर्ग कति निरीह रहेछ भन्ने कुरा पनि झल्किन्छ। खाद्य संस्थानले पुलिस प्रशासनलाई चामल दिनु भनी चिठी पठाउँदा जिल्लाका सात राजनीतिक पार्टी मासिक दुई क्वीन्टल चामलको सिफारिस गर्न पठाउँदा दङ्ग परेर मुखमा भोटे ताल्चा लगाई टुलुटुल हेरिरहेका छन्। अन्यत्र विगतका कति निर्णयलाई फोहोरको टोकरीमा राखिसक्दा पनि कर्णालीका लागि उक्त नीति राज्यले कायम राखेको छ।

कर्णालीका भोका जनताको नाममा एक वर्षमा करोडौंको ढुवानी लगाएर पठाएको चामल तनि/चार दिनको बाटो हिँढी आएका हप्तौंदेखि चुलोमा आँगो नबलेका परिवारले पाँच देखि दश किलो पाउँछन्। यसरी जनतालाई आएको अनुदानको चामल हात्ती आयो हात्ती आयो फुस्सा भएको छ। जिल्लामा सेवा होइन राज्यको भौतिक उपस्थिति मात्र पनि राम्ररी नदेखाउने या सरुवा हुँदा सजाय पाएको महसुस गर्ने कर्मचारी र जनताको नाममा आएको खाद्यान्नलाई आफ्नो मातहतमा ल्याई भोट बैंकको उपयोग गर्न खोज्ने

* *लेखक यूनाईटेड मिसन टु नेपाल, मुगूमा आबद्ध हुनुहुन्छ।*

पार्टी नेताहरूले प्रयोग गरिरहेका छन् । जिल्लाका अन्य सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारी, व्यापारीले मस्तीका साथ कसैले भात त खाएकै छन् । कसैले जाँड खाएका कुरा पनि सुनिन्छन् । माथिका भनाइ पुष्टि र थप जानकारीका लागि मुगुमा खाद्य संस्थानबाट प्राप्त तथ्यांकको आधारमा प्रस्तुत एक गणितीय विश्लेषण पनि प्रस्तुत गरिएको छ ।

सेवा गर्ने शिक्षक, प्रहरी, कर्मचारीले पाउनुहुन्न भन्ने हाम्रो कुरा होइन । तर उनीहरूलाई छुट्टै व्यवस्था गर्नुपर्छ भनेको हो । दुर्गम भएकाले बाहिरिया कर्मचारीहरूले भत्ता पनि पाइरहेकै हुन्छन् । कर्मचारी र जनसाधरणबीच मूल्यको फरक भने त्यति न्यायोचित देखिँदैन । यद्यपि बिक्रीको मल्य मुगु जिल्लामा रहने होइन । अवश्य पनि एक दिन कति खाएर जनताले कति सेवा पाए भन्ने प्रश्न उठाउनु चाहि नाजायज होइन । यस्तै भरहने हो भने एक दिन चामल पनि चाहिँदैन, कोही पनि चाहिँदैन भन्ने दिन नआउला भन्न सकिन्न ।

अनुदानको चामल मासिक पुलिस प्रशासनलाई दिन निर्णय भने तत्काल खारेज गरिनुपर्छ । कि त पुलिसका नाममा गएको रासन अन्तर्गतको खाद्यान्न खरिद तथा ढुवानी नेपाल खाद्य संस्थानमा लगानी गरी जनताले पनि पाउने व्यवस्था गरिनुपर्छ । पुलिस प्रशासनको नाममा एक वर्षमा यही रासनपानीका लागि लाखौंको टेन्डर आह्वान गरी ठेकेदारी प्रथाबाट रासन ढुवानी गरिन्छ । यसरी खाद्य संस्थाबाट जनताको नाममा आएको अनुदानको चामल पुलिसलाई आपूर्ति गरिन्छ भने ठेकेदारले ढुवानी गरेको चामल कसले खान्छ, कता जान्छ ? यसका राजनीतिक पार्टी, नागरिक समाज, पत्रकार र समुदायले खोजी गर्ने कि नगर्ने ?

**खाद्य संस्थानबाट जनताको नाममा आएको अनुदानको चामल पुलिसलाई आपूर्ति गरिन्छ भने ठेकेदारले ढुवानी गरेको चामल कसले खान्छ, कता जान्छ ? यसका राजनीतिक पार्टी नागरिक समाज पत्रकार र समुदायले खोजी गर्ने कि नगर्ने?**

जिल्ला खाद्य सुरक्षाका लागि गाउँदेखि जिल्लासम्मको दीर्घकालीन योजना जिल्लामै निर्माण गरी खाद्यान्न ढुवानी र खरिद को बराबरको वार्षिक रकम बिस्तारै घटाउँदै अरू स्रोत थप गरी स्थानीय स्तरबाटै खाद्य सुरक्षाको उपायको खोजी गरिनुपर्छ । यहाँको उत्पादन बढाउने कामको अनुसन्धान र परीक्षणमा खर्च गर्नुपर्छ । चामलमा खरिद र ढुवानीमा लगाइने रकमले सडकको निर्माण कार्यलाई तीव्रता दिइनुपर्छ । यसले मात्र बर्षौंवर्षदेखिको खाद्यान्न अभावलाई दीर्घकालीन रूपमा समाधान हुन सक्छ न कि ३ देखि १० परिवार भएका घरपरिवारलाई महिनाको तीन/चार दिन हिँडेर आई ५ देखि १० किलो चामल दिने प्रक्रियाले । यो त राज्यले निमुखा जनतामाथि गर्ने अन्याय मात्र हो । यो चामलले पेटभरि खान नपाएका भोका जनतालाई खान दिएको होइन, यो भौगोलिक क्षेत्रका यस्ता अशिक्षित नागरिकमाथि हामीले दिएको होइन, यो भौगोलिक क्षेत्रका यस्ता अशिक्षित नागरिकमाथि हामीले शासन गर्नुपर्छ भन्ने मानसिकता बोकेका शासक वर्गले शासन गर्न राज्यको उपस्थिति देखाएको कुटिल उपाय मात्र ठहरिन्छ । तर हामी सावधान रहनुपर्छ कतै चामल पनि ल्याउने त्यसको रकम पनि नआउने नहोस् । त्यसमा हाम्रो अधिकार छ ।

**मुगु जिल्लामा खाद्यान्न आपूर्तिको अवस्था**

वार्षिक कोटा: ६,४००,०० क्विन्टल

ढुवानी खर्च: रु.४,४५,६१,००० (२०६४/६५) जसको मतलब मुगुका जनताको नाममा प्रतिपरिवार ढुवानीमा मात्र रु. १,००० भन्दा बढी खर्च हुन्छ ।

२०६३/०६४ को जम्मा चामल ९८७५.०० क्विन्टल मध्ये:

| | |
|---|---|
| कर्मचारीलाई बिक्री | ५,६७६ (७६ प्रतिशत) |
| जनतालाई बिक्री | १,८४४ क्विन्टल (२४ प्रतिशत) |
| जम्मा विक्री | ७,५२० क्विन्टल |

| | |
|---|---|
| गत वर्षको बाँकी: | २,३५०,५२ क्विन्टल |
| मिति ०६४।०९।६ सम्म प्राप्त : | ३,३६०.७८ क्विन्टल |
| जम्मा: | ५,७११.३० क्विन्टल |

मिति ०६४।०९।६ बाँकी मौज्दात ८६.४२ क्विन्टल

**बिक्री**

२०६४।६५ को मंसिर महिनासम्म प्रतिमहिना सरदर कर्मचारी बिक्री १७३.३४ क्विन्टल
२०६४।६५ को मंसिर प्रतिमहिना सरदर जनता बिक्री

**वितरणका आधार**

| | |
|---|---|
| १) निजामती कर्मचारी, शिक्षक: | स्थानीय १५ केजी |
| | अस्थानीय १८ केजी, |
| | परिवारसमेत २३ केजी |
| २) प्रहरी: | मासिक ३० देखि ३५ क्विन्टल |
| ३) एनजीओ/आइएनजीओ कर्मचारी | प्रतिकर्मचारी १० केजी |
| ४) प्रत्येक राजनीतिक पार्टीले सिफारिस गर्न पाउने | मासिक २ क्विन्टल |
| ५) बाँकी गाविसका सिफारिसका आधारमा | |

साभार: मार्से त्रैमासिक पत्रिका बर्स १, अंक २, २०६४

●●●